नौमूले गाउँपालिका

**"सुशासन र पारदर्शिता, सुखी नौमूलेबासी हाम्रो प्रतिबद्धता"**

# नौमूले राजपत्र

खण्डः ३ संख्याः २ मितिः २०८१/०६/१०

## भाग-२

## नौमूले गाउँपालिका

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

# स्थानीय लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

## नौमुले गाँउपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

## नौमुले, दैलेख

## कर्णाली प्रदेश, नेपाल

कार्यपालिका वाट स्वीकृत मिति : २०७७/०९/२०
प्रमाणित मिति : २०७७/०९/२०

**नौमुले गाँउपालिका**

**गाँउकार्यपालिकाको कार्यालय**

**नौमुले,दैलेख**

**कर्णाली प्रदेश,नेपाल**

**स्थानीय लैंङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७**

नौमुले गाँउपालिबाट पारित मिति :..................................

प्रस्तावना,

नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्ने सङ्कल्प सहित महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा सामानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने लगायतका मौलिक हकको प्रत्याभूत गरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति दिलाउने र शिक्षा,स्वास्थ्य,रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसरहरुद्धारा लैङ्गिक समानता कायम गर्ने व्यवस्थाका लागि यस नौमुले गाँउपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) नियमाली,२०७५ को नियम ३ ले दिएको अधिकार प्रयोग गरी गाँउकार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधीको नाम "स्थानीय लैङ्गिक हिंसा निवारण कोष ( संचालन) कार्यविधी, २०७७ रहेको छ ।

(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,-

(क) 'संघ' भन्नालेसंविधान बमोजिम संघीय संरचनाको सबै भन्दा माथिल्लो इकाईको रुपमा रहने संघीय तह सम्झनु पर्छ ।

(ख) 'प्रदेश' भन्नाले संविधान बमोजिम संघीय इकाईमा विभाजन गरिएको नेपालको संघीय इकाइको क्षेत्र र स्वरुप सम्झनु पर्छ ।

(ग) ‘स्थानीय तह’ भन्नाले संविधान बमोजिम नगरपालिका,गाउपालिका र जिल्ला सभालाई सम्झनु पर्छ ।

(घ) ‘गाँउपालिका’ भन्नाले नौमुले गाँउपालिकालाई सम्झनु पर्छ ।

(ङ) ‘कार्यपालिका’ भन्नाले नौमुले गाँउपालिकाको गाँउकार्यपालिकालाई सम्झनु पर्छ ।

(च) “कार्यालय” भन्नाले नौमुले गाँउपालिकाको कार्यालय सम्झनु पर्छ ।

(छ) “कोष” भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(ज) “पीडित” भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(झ) “मन्त्रालय” भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ । सो शब्दले प्रदेशको सामाजिक विकास मन्त्रालय समेतलाई जनाउछ ।

(ञ) “लैङ्गिक हिंसा” भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

(ट) “सञ्चालक तथा राहत समिति” भन्नाले दफा ६ बमोजिमको कोष सञ्चालक तथा राहत समिति सम्झनु पर्छ ।

(ठ) ‘संघ संस्था’ भन्नाले लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्था सम्झनु पर्छ

३. <u>कोषको स्थापना</u> : (१) ‘स्थानीय लैङ्गिक हिंसा निवारण कोष’ नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) संघीय सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम

(ग) गाँउपालिकाबाट प्राप्त रकम ।

(घ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ)विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको रकम नेपाल सरकारबाट मान्यता प्राप्त 'क' वर्गको बैङ्कमा छुटै खाता खोली जम्मा गरिनेछ ।

(४) कोषको खाताको सञ्चालन गाँउपालिकाको प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४. कोषको उपयोग : (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधिउपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउन,

(घ) कानूनी सहायता वा स्वरोजगार, मनोसामाजिक उपचार तथा मनोविमर्ष प्रदान गर्न,

(ङ) कुनै व्यवसाय वा स्वारोजगार गर्नको लागि वीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न,

(च) पुनर्स्थापना केन्द्र/ सेवा केन्द्र सञ्चालन गर्न,

(छ) पीडितको लागि सञ्चालक तथा राहत समितिले तोके बमोजिमको अन्य काममा ।

(ज) लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसुरबाट पीडितले प्रचलित कानून बमोजिम कसुरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसुरदारको कुनै सम्पत्ति नभएको कारणबाट

प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन लेखी आएमा त्यस्तो क्षतिपूर्ति दिन ।

(२) दफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक तथा राहत समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सकिनेछ ।

५. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने : (१) कोषको रकम दफा ४ मा लेखिए बाहेकको अन्य कार्यमा प्रयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक तथा राहत समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चका लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

६. संञ्चालक तथा राहत समितिको गठन : (१) कोषको संचालन, व्यवस्थापन,राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि एक कोष सञ्चालक तथा राहत समिति रहनेछ ।

(२) सञ्चालक तथा राहत समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) गाँउपालिका अध्यक्ष | अध्यक्ष |
| (ख) गाँउपालिका उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (घ) शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य |
| (ङ) स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (च) स्थानीय प्रहरी प्रमुख | सदस्य |
| (छ)लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक तथा राहत समितिका अध्यक्षले तोकेको संस्थाको प्रतिनिधि एक जना | सदस्य |
| (ज) महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

(३) उपदफा (२) को खण्ड (छ) बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

(४) सञ्चालक तथा राहत समितिको सचिवालय नौमुले गाँउपालिकामा रहनेछ ।

७. सञ्चालक तथा राहत समितिको काम, कर्तव्य र अधिकार : सञ्चालक तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गिक हिंसा निवारणको सम्वन्धमा गाँउपालिकाबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने

(ग) संघ,प्रदेश र स्थानीय तहमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा तहहरु विच समन्वय गर्ने,

(घ) नौमुले गाँउपालिका भित्र घटेका लैङ्गिक हिंसा सम्वन्धि घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ङ) सीपमूलक तालिम वा स्वरोजगार प्राप्त पीडितलाई वीउ पुंजी (सिड मनि) प्रदान गर्ने,

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(छ) लैङ्गिक हिंसा हुन नदिनका लागि पालिका एवम् वडा स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

(ज) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(झ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने ,

(ञ) लैङ्गिक हिंसा निवारण सम्वन्धि अन्य काम गर्ने वा गराउने ।

८. <u>सञ्चालक तथा राहत समितिको बैठक र निर्णय</u> : (१) सञ्चालक तथा राहतसमितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) सञ्चालक तथा राहत समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सञ्चालक तथा राहत समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक तथा राहत समितिको सदस्य- सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) सञ्चालक तथा राहत समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्चलक तथा राहत समितको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ।

(६) सञ्चालक तथा राहत समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ ।

(७) सञ्चालक तथा राहत समितिले बैठकमा आवश्यकता अनुसार नौमुले गाँउपालिकाको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

(८) सञ्चालक तथा राहत समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गरी राखिनेछ ।

(९) सञ्चालक तथा राहत समितिको बैठक सम्वन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. <u>पीडितलाई रकम उपलब्ध गराउने</u> : पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि सञ्चालक तथा राहत समितिले कोषबाट पीडितको नाममा रकम निकासा दिनेछ ।

१०. <u>राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :</u> (१) यस कार्यविधी बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गरी सवारी साधन प्रयोग गर्नु पर्ने भएमा सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन चार सय रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा चार हजार रुपैया,

(ग) कानूनी सहायता, मनोसामाजिक परामर्श वा मनोविमर्शका लागि बढीमा पाँच हजार रुपैयाँ सम्म,

(घ) कुनै व्यवसाय वा स्वरोजगार गर्नको लागि विउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा पच्चीस हजार रुपैया,

(ङ) पीडितलाई तत्काल उद्धार,औषधिउपचार,पुनःस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएको र सोको लागि सञ्चालक तथा राहत समितिले कुनै रकम उपलब्ध नगराएको वा गराउन सम्भव हुने अवस्था नदेखिएकोमा सञ्चालक तथा राहत समितिको अध्यक्षले सो प्रयोजनका लागि पचार हजार रुपैयामा नबढ्ने गरी मनासिव रकम,

(च) पुनर्स्थापनाको लागि बढीमा दश हजार रुपैयाँ,

(छ) सञ्चालक तथा राहत समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,

(ज) पीडित सगै कुनै बालबच्चा भए बालबच्चाका लाथि  पीडित सरहको खाना खर्च रकम ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाँउपालिकावाहिर रहे बसेको  (यस गाँउपालिकाको स्थायी बासिन्दां) पिडितलाई सञ्चालक तथा राहत समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने : (१) यस कार्यविधी बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पिडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसुची १ बमोजिमको ढाचामा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई सञ्चालक तथा राहत समितिले राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा सञ्चालक तथा राहत समितिले दफा १० को अधीनमा रही पीडितलाई राहत तथा  आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

१२. तत्काल रकम उपलब्ध गराउन सक्ने :(१) यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि जलाइएको,एसिड प्रयोग गरी वा छर्की वा त्यस्तो पदार्थले पोलेको लागयतका गम्भीर प्रकृतिका घटनाका पीडितलाई उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत लगायतको प्रयोजनका लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर  मानवीय क्षति हुने देखिएमा र सञ्चालक तथा राहत समितिको वैठक तत्काल बस्ने अवस्था नरहेमा सञ्चालक तथा राहत समितिको अध्यक्षले अवश्यकता र औचित्यताको आधारमा मनासिव रकम कोषबाट पिडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी सञ्चालक तथा राहत समितिको अध्यक्षबाट पिडितलाई रकम उपलव्ध गराईएकोमा त्यसरी रकम उपलव्ध गराईए पछि वस्ने सञ्चालक तथा राहत समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

१३. कोषको लेखा र लेखा परीक्षण : (१)  कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१४. आवर्ति (रिभल्भीङ) कोष : यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

१५. प्रतिवेदन पेश गर्ने: (१) सञ्चालक तथा राहत समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन कार्यपालिकामा पठाउनु पर्नेछ ।

१६. बैठक भत्ता: सञ्चालक वा राहत समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत गाँउकार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् । तर त्यस्तो रकम वर्षको १० वटा भन्दा बढी बैठकको लागि उपलब्ध हुने छैन ।

१७. निर्देशन दिन सक्ने : (१) नौमुले गाँउपालिकाले सञ्चालक तथा राहत समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सञ्चालक तथा राहत समितिको कर्तव्य हुनेछ ।

१८. संशोधन : यस कार्यविधीको संशोधन तथा परिमार्जन यस पालिकाको कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१९. खारेजीः

१. कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा गाँउ कार्यपालिकाले उक्त कोष खारेज गर्न सक्नेछ ।

२.कोषको खारेजी भएमा कोषमा रहेको रकम गाँउपालिकामा स्वतः हस्तान्तरण हुनेछ ।

अनुसूची १

(दफा ११को उपदफा (१) सँग सम्बन्धित )

विषय : सहयोग उपलब्ध गराई पाउँ ।

श्री अध्यक्ष ज्यू

सञ्चालक तथा राहात समिति (लैङ्गिक हिंसा निवारण कोष)

नौमुले गाँउपालिका नौमुले , दैलेख

म..........मा बस्ने वर्ष...............को.............................मिति..................मा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा (............) भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई उपचार/कानूनी सहायता एवं परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनस्थापना/अन्य.................कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई हुन यो निवेदन पेश गरेको छु ।

निवेदकको

नाम,थरः........................

ठेगानाः..........................

दस्तखतः........................

मितिः............................

प्रमाणीकरण मिति: २०७७/०९/२०

आज्ञाले,

**दमन दाहाल**

प्रमुख प्रशासकीय अधिकृत